म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ६९ आइतबार, ९ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 26 October 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

### राप्तीतटमा छठपर्वको तयारी, ६० हजार भक्तजन आउने अनुमान

# तराई र पहाडलाई जोड्दै छठपर्व

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ हेटौंडामा छठपर्वको तयारी अन्तिम चरणमा पुगेको छ । तराई मधेश सहित देशकै प्रमुख चाडको रुपमा मनाइने छठपर्वको धमाधम तयारी भएको हो ।



हेटौंडा उपमहानगर पालिका-१ स्थित राप्तीखोलाको तटमा छठपर्वका लागि नदीकिनार सिंगारिएको छ । संयुक्त मधेशी सेवा समाज नेपाल छठपूजा समारोह समितिका अनुसार नदीकिनारमा व्रतालु बस्न मिल्ने गरी टेन्ट निर्माण भइरहेको छ । पूजागर्ने ठाउँमा सर सफाई गर्ने, बगर सम्याउने काम गरिएको छ । हेटौंडा बजारक्षेत्रको राप्तीरोडदेखि राप्ती पुलसम्म झिलिमिली बत्ती, नदी छिर्न मूल गेट, सहायक गेट निर्माण गरिएको छ । तराईमा मात्रै मूलरुपमा मनाउँदै आएको यस पर्व हाल पहाडीक्षेत्रमा पनि भव्यरुपमा मनाउन थालिएको छ ।

मकवानपुरमा प्रत्येक वर्ष छठ मनाउनेको संख्या बढ्दै गएको छ । विशेषत: मधेशी समुदायले मनाउने छठपर्व मकवानपुरमा पहाडी समुदायले पनि मनाउन थालेका छन् । छठले मकवानपुरमा मधेशी र पहाडी समुदायबीचको सद्भाव र आपसी सम्बन्ध सुमधुर बन्दै गएको छ । यसवर्ष हेटौंडाको राप्तीतटमा ५० देखि ६० हजार भक्तजन आउने आयोजकको अनुमान छ । सामूहिकरुपमा पूजाका लागि २० फिट चौडा र ६५० फिट लम्बाइका ३५ वटा पण्डाल तयार भइरहेको संयुक्त मधेशी सेवा समाज नेपाल मकवानपुरका सचिव नन्दलाल दासले जानकारी दिए ।

छठपर्वका लागि व्रतालुले आवश्यक सामग्रीको जोहो गर्न सुरु गरिसकेका छन् । कात्तिक ८ गतेबाट छठको पहिलो दिन व्रतालु खरना गर्दैछन् । दोस्रो दिन नहायखाय गरिन्छ । तेस्रो दिन बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिन वर्तालुले रातभरि जाग्राम बसी भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई पुन: अर्घ्य दिएर व्रत समाप्त हुने छठ पूजा समारोह २०८२ का संयोजक रविरंजनकुमार कलवारले जानकारी दिए । पारि वारिक सुख, शान्ति, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक छठपर्व मनाउने प्रचलन छ ।

छठपर्व नेपाल र भारतका हिन्दू धर्मावलम्बीले मनाउने एक महत्वपूर्ण पर्व हो । सूर्य उपासनाको पर्व छठ ४ दिनसम्म मनाइन्छ । यो पर्वमा षष्ठी भगवतीको पूजाअर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरिन्छ । नेपालको विशेषगरी तराई (मधेश) क्षेत्रमा श्रद्धा एवं भक्तिपूर्वक यो पर्व मनाइन्छ । यसपर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रुपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि खुवाउने चलन छ ।

परम्परा अनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउकिनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुन: अर्घ दिई पूजा विसर्जन गरिन्छ । मानव सभ्यताको शुरुदेखि नै सूर्यको उपासना गरिँदै आएको पाइन्छ । अग्निपुराणमा पनि षष्ठी व्रतको प्रसंग उल्लेख छ । चौध वर्षको वनवास र एक वर्षको अज्ञातवास बसेको बेला कुन्ती, द्रौपदी सहित पाण्डवले यो व्रत गरेको वर्णन महाभारतमा पाइन्छ । त्रेतायुगमा राजा दशरथकी रानी कौशल्याले पनि यो व्रत गरेको बताइन्छ । कात्तिक महिनामा मनाइने छठलाई ठूलो छठ भनिन्छ । चैतको षष्ठी तिथिमा पनि केही ठाउँमा चैते छठपर्व मनाइन्छ ।

सूर्य उपासनासँग सम्बन्धित छठपर्व प्रत्येक वर्ष कात्तिक शुक्ल पञ्चमी र षष्ठीका दिन मनाइन्छ । व्रत बस्नेहरु स्नान गरेर उपवास बसी आत्मशुद्धि गर्छन्, जसलाई खरना भनिन्छ । षष्ठीका दिन नदी र पोखरीको घाटमा व्रतालुले स्नान गरी बेलुकाको समयमा जलाशयमा उभिएर सूर्यलाई फलफूल, ठेकुवा, भुसुवा, कसारसहित अर्घ दिन्छन् । व्रतालु भक्तजन राती धेरैजसो नदी किनारमा बास बस्छन् भने केही घर फर्कन्छन् । तर, शुद्धाशुद्धिको धेरै विचार गर्नुपर्ने भएकाले कहीं कतै अशुद्ध नहोस् भन्नेमा उनीहरु सजग हुन्छन् । शुद्ध भावनाले यो व्रत गर्नाले तुरुन्त फल पनि पाइने धर्मावलम्बीको विश्वास छ ।

त्यसकारण मनले मात्र शुद्ध नभएर सबैथोक चोखो हुनुपर्ने हुनाले व्रतालुले मात्र नभई सम्पूर्ण परिवारले नै यसलाई कडाइका साथ पालना गर्छन् । षष्ठीको भोलिपल्ट ब्रह्ममुहूर्तमा मानिसहरु पूजासामग्री लिएर नदीकिनारमा गई स्नान गरी उदाउँदो सूर्यलाई फेरि अर्घ दिएपछि छठ पर्व सकिन्छ र प्रसाद बाँडिन्छ । छठको प्रसादमा उखु, केराउ, केरा, नरिवल, मिठाई, चना, ठेकुवा, कसार, कागती र अदुवा राखिन्छ । विशेषगरी शुद्ध घिउमा गहुँको पिठोबाट निर्मित ठेकुवा र चामलबाट निर्मित कसारको विशेष प्रसाद बनाइन्छ ।

छालासम्बन्धी रोग निदानका लागि, पुत्रप्राप्तिका लागि र भाकल पूरा गर्न मानिसहरु भक्तिमा लीन भएर नजिकैको पोखरी जलाशय कुण्डमा गई यसदिन छठपूजा गर्दछन् । छठको पूजा गर्दा उखु, केराको बोट, बेसार, अदुवा, नरिवल, जौ, भुसुवा, ठेकुवा, फलफूल, मिठाई जस्ता सामग्रीको आवश्यकता पर्दछ । सम्पूर्ण प्राणीलाई विना कुनै भेदभाद समान शक्ति, ताप र किरण दिने समानताको प्रतीक सूर्यको यसै महिमालाई आत्मसात् गर्दै सूर्यको पूजा प्रार्थना र आराधना तन, मन लगाएर चार दिनसम्म गरिन्छ ।

# पहिलो ३ महिनामा बागमतीमा ६ दशमलब १९ प्रतिशत बजेट खर्च



साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको करिब ६ दशमलव १९ प्रतिशतमात्र खर्च गरेको छ ।

प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असोजसम्ममा तीन महिनामा कुल बजेटको छ दशमलव १९ प्रतिशत अर्थात् ४ अर्ब १७ करोड ९१ लाख २६ हजार बजेट खर्च भएको छ । चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकामा साउनदेखि असोजसम्ममा चार अर्ब १७ करोड ९१ लाख २६ हजार बजेट खर्च भएको उनले बताए । बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । मन्त्रालयहरु मध्ये सबैभन्दा धेरै आर्थिक मन्त्रालयले १२ दशमलब ५० प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले शून्य दशमलव ८० प्रतिशत बजेट खर्च गरेको गरेको छ ।

त्यसैगरी स्वास्थ्य मन्त्रालयले ११ दशमलब ०४ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले ६ दशमलब २५, कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले ५ दशमलब ३५, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयले २ दशमलब ५९, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ७ दशमलब ०१, वन तथा वातावरण मन्त्रालयले ६ दशमलब ८१, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ४ दशमलब ६४, भौतिक पूर्वाधार विकास मन्त्रालयले ३ दशमलब ९६, युवा तथा खेलकुद मन्त्रालयले १ दशमलब ५४, सामाजिक विकास मन्त्रालयले ५ दशमलब ६२, स्वास्थ्य मन्त्रालयले ११ दशमलब ०४, श्रम, रोजगार तथा यातायात मन्त्रालयले १० दशमलब २२ प्रतिशत बजेट खर्च गरेको छ ।

गत भदौ २३ र २४ मा भएको जेनजी प्रदर्शनीका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन नसक्दा प्रदेश सरकारको खर्च कम देखिएको सूचना अधिकारी पौडेलले बताए ।

# २५ लाख ७६ हजार श्रमिकको सामाजिक सुरक्षा कोषमा ९३ अर्ब जम्मा

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ सामाजिक सुरक्षा कोषले सञ्चालन गर्दै आएको सुरक्षा योजना, सामाजिक सुरक्षा योजना र योगदानमा आधारित सामाजिक सुरक्षा योजना कोषमा सूचीकृत हुने श्रमिकको संख्या २५ लाख ७६ हजार ४७६ पुगेको छ ।




पछिल्लो समय कोषमा आवद्ध हुने श्रमिकको संख्या बढ्दै गएको हो । कोषका अनुसार आवद्ध हुने योगदानकर्ता र रोजगारदाताको सूचिकरण तथा योगदान रकम संलकनमा उल्यलेख्य वृद्धि भएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै ८ लाख ८२ हजार ९ सय ४६ नयाँ श्रमिक सूचिकृत भएका थिए । हालसम्म २२ हजार ७६ रोजगार दाता संस्था कोषमा आवद्ध भइसकेका छन् । तर, औपचारिकक्षेत्रका श्रमिक धेरै आवद्ध भइसक्दा अनौपचारिक क्षेत्रका श्रमिकको संख्या धेरै कम छ । कोषकाअनुसार औपचारिकक्षेत्रका ६ लाख ४० हजार श्रमिक आवद्ध छ भने अनौपचारिकक्षेत्रका जम्मा ७९४ श्रमिक मात्रै सहभागी भएका छन् ।

तुलनात्मक रुपमा औपचारिक क्षेत्रमा काम गर्ने धेरै सामाजिक सुरक्षामा रहेको देखिएपनि अझै पनि धेरै औपचारिकक्षेत्रमै काम गर्नेहरु सामाजिक सुरक्षामा छैनन् । पछिल्लो श्रम सर्वेक्षण, २०७५ अनुसार श्रम बजारमा ७० लाख ८६ हजार जना रोजगारीमा छन् । त्यसमा औपचारिक क्षेत्रमा २६ लाख ७५ हजार कार्यरत छन् । अनौपचारिकक्षेत्रमा ४४ लाख ११ हजार छन् । अनौपचारिकको सबैभन्दा ठूलो हिस्सा कृषि, वन र मत्स्यपालनक्षेत्रमा २१ दशमलव ५, निर्माणक्षेत्रमा १३.८, खुद्रा व्यापारको क्षेत्रमा १७.५ र यातायातक्षेत्रमा ४.५ प्रतिशत रहेको देखाएको थियो ।

सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारीमा जाने श्रमिक बढी आबद्ध भएका छन् । १९ लाख ३४ हजार भन्दा बढी वैदेशिक रोजगारीमा जाने श्रमिकले सामाजिक सुरक्षा कोषमा योगदान गरिरहेका छन् । वैदेशिक रोजगारीमा जानुपूर्वक अनिवार्य सामाजिक सुरक्षामा जानुपर्ने सरकारले बनाएका बाध्यात्मक व्यवस्थाले कामदारहरु प्रक्रिया पुऱ्याउनका लागि जाने गरेका छन् तर, उनीहरुले नियमित जम्मा भने गर्ने गरेका छैनन् । अहिलेसम्म सामाजिक सुरक्षा कोषले ९३ अर्ब रुपैयाँ योगदानकर्ताबाट संकलन गरि सकेको छ । यो रकम धेरैजसो बैंकमा राखेर कोषले ब्याज खाइरहेको छ । सामाजिक सुरक्षा ऐन, कार्यविधि अनुसार यो रकम उत्पादनशील क्षेत्रमा, प्रतिफल दिने क्षेत्रमा लगाउनुपर्थ्यो ।

कोषका प्रवक्ता कृष्ण अधिकारीले सामाजिक सुरक्षा कोषलाई प्रभावकारी बनाउन निरन्तर लागिएको बताए । उनकाअनुसार सेवाप्रवाह प्रभावकारी बनाउन १ सय ७ स्वास्थ्य संस्थासँग समन्वय गरी स्वचालित सेवाप्रणाली जडान गरिएको छ भने स्वास्थ्यसेवाको पहुँच अब योगदानकर्ताको परिवारमा समेत विस्तार भएको छ । अस्पतालमा भर्ना भएर गरिने उपचारमा १० लाखसम्मको खर्चमा ५० प्रतिशत सहभुक्तानी सुविधा लागू गरिएको छ ।

आगामी चार वर्षभित्र कोषमा आवद्ध श्रमिक र उनीहरुको परिवारको स्वास्थ्यसेवा राज्यले नै लिने लक्ष्य रहेको छ । कोषमा जम्मा भएको रकमलाई सही ठाउँमा परि चालन गर्नेगरी तयारी भइरहेको उनको भनाइ छ ।



साझाकुरा

## हाम्रो कुरा

# अमलेखगन्ज-हेटौंडा-लोथर पाइपलाइन

अमलेखगंजदेखि हेटौंडा हुँदै लोथरसम्म पेट्रोलियमपदार्थ ढुवानी गर्न पाइपलाइन बिस्तार गर्ने भनेर नेपाल सरकारले पूर्वपश्चिम राजमार्गको प्रत्येक ५ किमिक्षेत्रमा एउटा होर्डिङबोर्ड लगाएको थियो । पेट्रोलियम पाइपलाइन बिस्तार गर्न सम्भाब्यता अध्ययन कार्य हुँदैछ भनेर होड्रिबोर्ड लगाइयो । मानौं नेपालले चमत्कारिक काम गर्न लागेको हो । हेटौंडाबाट पश्चिम लागेपछि नवलपुरको ओरालोमा, तीनताप्केमा, सान्नानीटारमा, रजैयामा, ज्यामिरेमा यस्ता होडिङबोर्ड अहिले पनि जीर्ण अवस्थामा देख्न सकिन्छ । लाखौं रुपैयाँ खर्चेर राजमार्गमा होडिङबोर्ड लगाएको सरकार ७ वर्षसम्म अध्ययन मात्रै गरिरह्यो । ७ वर्ष बितेपछि परियोजना सुरु गर्न लागेको छ । दोस्रोचरणको पेट्रोलियम पाइपलाइन परियोजनाको निर्माण सुरु गर्ने भनेर सरकारले बल्लतल्ल काम थालेको छ । बाराको अमलेखगन्जदेखि चितवनको लोथर सम्म पाइपलाइन विस्तार औपचारिकरुपमा सुरु गरिने भएको हो । तीन महिनालाई पुग्ने पेट्रोलियम भण्डारणगृह निर्माण गर्ने सरकारको लक्ष्यअनुसार पाइपलाइन विस्तार सँगै भण्डारणगृहको काम अघि बढेको छ ।

नेपाल आयल निगमले लोथरमा परियोजनाको फिल्ड कार्यालय स्थापना गरेर दोस्रो चरणको पेट्रोलियम पाइपलाइन विस्तारको काम थाल्न लागेको जनाएको छ । राप्ती नगरपालिका-१, लोथरस्थित करिब २३ बिघा १२ कठ्ठा जग्गामा अत्याधुनिक सुविधासहितको ग्रिन फिल्ड टर्मिनल निर्माण गरिने निगमले जनाएको छ । इन्डियन आयल कर्पोरेसन (आइओसी) को मोतीहारी डिपोमा रहेको पम्प हाउसबाटै लोथरसम्म पाइपलाइनका लागि पेट्रोलियमपदार्थ पम्पिङ गर्ने व्यवस्था गरिने निगमले जनाएको छ । अमलेखगन्जदेखि लोथरसम्मको ६२ किलोमिटरको दुरीमा १०.७५ इन्चको पाइपलाइन बिछ्याइने निगमले जनाएको छ । परियोजना प्रमुख प्रदीपकुमार यादवले पाइपलाइन विस्तारको सबै कागजी प्रक्रिया पूरा भएको, आइओसीसँग समन्वय गर्ने काम सुरुहुने र तीनवर्षभित्र निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याउने बताएका छन् । पाइपलाइन परियोजनाबाट पेट्रोलिमयपदार्थ ढुवानी गर्दा वातावरणीय प्रदुषण न्यून हुने, पेट्रोलिमयपदार्थको चोरी तथा मिसावट कम हुने निगमको भनाइ छ । निगमले स्थानीयसँग समन्वय गरेर काम अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दै उनले परियोजनाका तर्फबाट स्थानीयलाई रोजगारीलगायत व्यवस्था गरिने जनाएको छ । पाइपलाइनबाट २७३ किलोलिटर प्रतिघण्टाको गतिमा तेल आपूर्ति गर्न सकिने निगमले जानकारी दिएको छ । पूर्वपश्चिम राजमार्गको समानान्तर पाइपलाइन निर्माण गरिने छ । पाइपलाइनबाट वार्षिक दुई करोड मेट्रिकटन इन्धन ढुवानी गर्न सकिने छ । लोथरमा १६० वर्गमिटरको क्षेत्रफलमा पाइप लाइन स्टेसन निर्माण हुनेछ । लोथरमा पेट्रोल भण्डारणका लागि ११ हजार किलोलिटर क्षमताका तीनवटा भर्टिकल ट्यांकी निर्माण हुनेछन् । यस्तै डिजेल भण्डारणका लागि १५ हजार पाँच सय किलोलिटर क्षमताका तीनवटा र मट्टितेल भण्डारणका लागि आठ सय किलोलिटर क्षमताका दुईवटा ट्यांकी निर्माण गरिनेछ ।

हवाईइन्धनका लागि तीन हजार छसय किलोलिटर क्षमताका तीन वटा ट्यांकी निर्माण गरिने निगमले जनाएको छ । लोथरमा बन्ने नयाँ डिपोमा ९१ हजार नौ सय किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण हुनेछ । यसबाहेक दुईवटा ट्रान्समिक्स ट्यांकी निर्माण गरिनेछ । पाइपलाइनसहित भण्डारणगृह निर्माण लागत १४ अर्ब नौ करोड ६० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । भारतको मोतीहारीदेखि अमलेखगन्जसम्म सञ्चालनमा ल्याइएको अन्तरदेशीय पेट्रोलियम पाइपलाइन अमलेखगन्ज-लोथरसम्म विस्तार गरी लोथरमा भण्डारणगृहसहितको सुविधासम्पन्न डिपो निर्माण गर्ने समझदारी भएको थियो । सम्झौतामा निर्माण सुरु भएको ५४ महिनामा परियोजना सञ्चालनमा ल्याइने उल्लेख छ । इन्डियन आयल कर्पोरेसनले यो परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । भारतको मोतीहारीदेखि बाराको अमलेखगन्जसम्मको ६९ किलोमिटर लामो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना २०७६ देखि सञ्चालनमा आएको हो । सुरुवाती चरणमा डिजेल र मटितेल पाइप लाइनमार्फत् आयात गरिएकामा पछि पेट्रोलियमपदार्थ पनि ल्याइएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १० गते सोमबार २७ अक्टोम्बर २०२५ । षष्ठी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१२ सूर्यास्त ५:२२ । छठ पर्व ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्योपचारमा खर्च हुनेछ | तुला | : रमाइलोमा दिन बित्नेछ |
| वृष | : मानसिक असन्तुष्टि बढ्नेछ | वृश्चिक | : जोश जागर आउनेछ |
| मिथुन | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | धनु | : समयले साथ दिनेछ |
| कर्कट | : काम अपुरै रहने देखिन्छ | मकर | : राम्रो समाचार सुन्न पाइनेछ |
| सिंह | : मनमा निरासा उत्पन्न हुनेछ | कुम्भ | : शुभ नतिजा आउनेछ |
| कन्या | : समयले साथ दिनेछ | मीन | : दिन रमाइलो हुनेछ |

# चुपचाप दुष्टताको 'लटरी'



✍ लीलाबहादुर बस्नेत

लाखौं यहुदीको सामूहिक हत्याको योजना र व्यवस्थापनमा भूमिका खेलेका नाजी अधिकारी एडोल्फ आइखमान दोस्रो विश्वयुद्धपछि अर्जेन्टिनामा लुकेर बसेका थिए । पछि उनलाई पक्राउ गरी न्यायको कठघरामा ल्याइयो । आइखमानको अन्तर्राष्ट्रिय मुद्दाको बयान र बहस प्रत्यक्षरूपमा हेरिसकेपछि हाना एरन्टले न्यूयोर्क टाइम्स पत्रिकाका लागि रिपोर्टहरूको श्रृंखला 'जेरुसेलममा आइखमान' दुष्टताको सामान्यता माथिको प्रतिवेदन (१९६३) लेखिन् ।

आइखमानको व्यवहार र सोच्ने तरिका देखेपछि उनले एउटा गहिरो र चकित पार्ने निष्कर्ष निकालिन्- यो व्यक्ति कुनै राक्षसी, हिंस्रक वा सनकी अत्याचारी होइन, बरु सामान्य देखिने, आदेशपालक र सोच्ने विवेक गुमाएको सामान्य मानिस थियो । यसै रिपोर्टबाट उनले 'दुष्टताको सामान्यता' (Banality of Evil) भन्ने प्रसिद्ध अवधारणा प्रस्तुत गरिन् ।

एरन्टका अनुसार, आइखमानको अपराध आदेश र नियम पालन गर्ने यान्त्रिक बानीका कारण भयो । उसले अदालतमा बार म्बार भन्यो, 'म केवल आफ्नो कर्तव्य गर्दै थिएँ, आदेश मान्दै थिएँ ।' तर यही सोच नै सबैभन्दा खतरनाक हो, किनकि जब मानिसले आफ्नो विवेकभन्दा माथि आदेश र निष्ठालाई राख्छ, तब 'सामान्य मानिस' पनि भयानक अपराधी बन्न सक्छ ।

एरन्टको व्याख्यामा आइखमानको समस्या घृणा वा पागलपन होइन, उसको सोच्न नसक्ने क्षमता हो । ऊ केवल अरूको निर्देशन पालना गर्न बानी परेको थियो, कानुन र आदेशलाई नै सत्य ठान्थ्यो र आफ्नै नैतिक जिम्मेवारी बुझ्ने प्रयास गर्दैनथ्यो । उसले आफ्नो विवेक बन्द गरेको थियो र यान्त्रिक रूपमा दुष्टतालाई सम्भव बनाएको थियो । यही सोचविहीनता नै दुष्टताको गहिरो स्रोत हो । नेपालका राजनीतिक दलहरूको सन्दर्भमा, एरन्टको विचार आज पनि तीखो र सान्दर्भिक लाग्छ । जब दलका कार्यकर्ताहरू वा युवा नेताहरू 'आदेश पालना नै कर्तव्य हो' भनेर विवेक प्रयोग नगरी निर्णय गर्छन्, तब उनीहरू पनि आइखमानकै जस्तो दुष्टताको सामान्यतामा फस्छन् ।

राजनीतिक भक्ति, आलोचनात्मक सोचको अभाव र 'नेता सधैं ठिक' भन्ने अन्ध विश्वासले नै राजनीतिक नैतिकतालाई कमजोर बनाउँछ । लोकतन्त्र सधैंभरि खतरामा छ भन्ने पार्टीहरुले बुझुन् कि यसैकारण खतरामा छ ।

दुष्टता सधैं हिंस्रक रूपमै आउँदैन । कहिलेकाहीँ यो सभ्य अनुहार, मीठा भाषण, र 'कर्तव्य पालन'को आवरणमा लुकेको हुन्छ । जब मानिसहरूले सोच्न छोड्छन्, प्रश्न गर्न डराउँछन् र विवेकभन्दा आदेश पालना ठूलो ठान्छन्, त्यतिबेला नै समाजको नैतिक पतन सुरु हुन्छ । दोस्रो बिश्वयुद्दपछि विज्ञान र दर्शनको क्षेत्रमा अभूतपूर्व कायापलट नै भएको पाइन्छ । मान्छेको मस्तिस्क र स्वभावबारे कयौं रोचक अनुसन्धान भएका छन् । मान्छेले किन र कसरी त्यति क्रुर घटना वा दुष्ट्याइँलाई साथ दिन्छन् वा गरिदिने गर्छन् ? हाम्रो समाजमा भैरहेका वा दोहोरिरहेका घटनाहरुलाई मान्छेको सोचाइ वा स्वभाव बुझ्न 'दुष्टताको सामान्यतामाथिको प्रतिवेदन' सहयोगी हुन्छ ।

नसोच्ने, प्रश्न नगर्ने र विवेक प्रयोग नगर्ने रोजीरोटी र लेखापढीको परम्पराले गर्दा साक्षरता ७७.४ पुगे पनि हाम्रो राजनीति बदलिएन । हुन त परम्परा सांस्कृतिक दृष्टिले पहिचानको मेरुदण्ड हो । तर, दार्शनिक दृष्टिले यो विवेकको परीक्षा पनि हो । सामाजिक स्मृतिको स्वरुप मानिने परम्पराको कोणबाट नेपाली राजनीतिलाई हेर्दा विस्मृतिको परम्परा व्याप्त देखिन्छ ।

बिर्सँदै जाने, बिग्रँदै जाने । लोकतन्त्रका लागि किन लडेको ? राजनीतिक दलहरुले बिर्सेजस्तो किन ? जेलनेल र आन्दोलन र बलिदान किन गरिएको थियो ? नेताहरुले बिर्सेजस्तो किन ? उही व्यक्तिले किन धेरै भोट ल्याउँछ ? जनताले बिर्सेजस्तो । समाजमा व्याप्त राजनीतिक डिमेन्सिया र चाकरी प्रथाको जालोका बीच हरेक एक-दुई दशकमा हुने राजनीतिक-समाजिक निराशाको बिस्फोट अनि देखिने संक्रमणकाल, जो आफैंमा एउटा गज्जबको बहाना हो । घाम ताप्ने बहाना ।

ध्रुवचन्द्र गौतमको तथाकथित उपन्यासमा कसैले कामचोर कर्मचारीहरुलाई सोध्छ-तपाईहरु घाम किन ताप्नुहुन्छ ? जवाफमा कर्मचारीहरु भन्छन्-हजुर, घाम लाग्छ र त ताप्छौं । 'हुँदैछ-चल्दैछ' को अनेक चरण पार गरिसक्दा पनि हामी 'हुँदैछ'मै अल्झिनुका पछाडि यस्तै परम्पराहरु छन् । भर्खर बहुदल आएको छ, हुँदैछ । भर्खर शान्तिवार्ता भयो, हुँदैछ । भर्खर गणतन्त्र आयो, भर्खर संविधान बन्यो, हुँदैछ । युद्धले गर्दा, नाकाबन्दीले गर्दा, आन्दोलनले गर्दा, कोभिड महामारीले गर्दा । संघीयता भर्खर लागु भो त्यसैले गर्दा... । हामीले गर्न नसकेका तमाम कामहरुको बहानामा एउटा अर्को बहाना नबनोस्-जेनजी आन्दोलन ।

सार्वजनिक संस्था र निकायहरु बलियो हुने देशले संक्रमणकालमा समेत जनताको पक्षमा काम गर्न सक्छन् । दोस्रो विश्वयुद्दपछि भयावह आर्थिक, सामाजिक र राजनीतिक अवस्थाबाट कयौं देशहरु निस्किएर समृद्द बनेका छन् । तर, यसका पछाडि पनि ती समाजका परम्पराको हात छ । मिहिनेत र चेतनाको जबर्जस्त परम्परा । हाल व्याप्त राजनीतिक विस्मृति र 'हुँदैछ-चल्दैछ' कै परम्पराको डरलाग्दो पाटो बुझाउने अर्को कृति दोस्रो विश्वयुद्दलगत्तै लेखिएको शर्ली ज्याक्सनको 'दि लटरी (१९८०)' हो ।

कथा एउटा सानो र शान्त गाउँबाट सुरु हुन्छ । गर्मीको उज्यालो बिहान । गाउँका मानिसहरू विस्तारै चौतारीमा जम्मा भइरहेका छन् । वातावरण रमाइलो छ । बालबालिकाले ढुंगाहरू बटुलिरहेका छन्, बूढाबूढीहरू हिजोआजको मौसमबारे कुरा गरिरहेका छन् । सबै जना वार्षिक उत्सव 'लटरी' सुरु हुने प्रतीक्षामा छन् । यो परम्परा वा गाउँको पुरानो चलन छ- वर्षको एक दिन सबैले भेला भई लटरी निकाल्ने । कसैले ठ्याक्कै नबुझ्ने, तर सबैले मान्ने गाउँको नियम छ ।

गाउँको स्थानीय ब्यापारी मिस्टर समर्स लटरी सञ्चालन गर्छन् । उनका हातमा एउटा पुरानो कालो बाकस छ, त्यसमा कागजका टुक्रा छन्, जसमा प्रत्येक परिवारको नाम लेखिएको छ । बाकस देख्दा केही मानिसहरू असजिलो महसुस गर्छन्, तर कसैले केही भन्दैन । बरु कसैले ठट्टा गर्छ, 'फेरि पनि पुरानो बाकस, अर्को वर्ष नयाँ बनाउने हो कि ?' तर त्यो पनि केवल हाँसोमै बिलाउँछ । आखिर, 'यो त सधैं हुने चलन ।

केहीछिनमा अत्यन्त उल्लासका साथ लटरी सुरु हुन्छ । प्रत्येक परिवारका सदस्यहरू एक-एक गरी बक्समा हात हाल्छन् र कागज निकालेर सबैलाई देखाउछन् । सादा कागज ।

माहोल केही गम्भीर बन्छ । सबैको ध्यान एउटै कुरामा हुन्छ - कसको भाग्यले के ल्याउँछ ?

अन्ततः एउटा परिवारको पालो आउँछ । त्यस परिवारको पतिले आफ्नो हातको कागज खोल्छ । त्यो सादा हुन्छ । अनि पत्नी टेसी हचिन्सनतिर लम्केर उसको हातको कागज खोसेर देखाउँछ । टेसीको हातमा कालो चिन्ह लगाइएको कागज पर्छ । टेसी अचम्म मान्छे र भन्छे, 'दिस इज अन्फेयर' । यो त अन्याय भयो, । मैले राम्रोसँग निकाल्नै पाइनँ भन्न खोज्छे । तर उसको आवाज कसैले मतलब गर्दैन ।

परम्पराको नाउँमा सबथोक बिर्से पनि ढुंगा हान्न जानेका हुन्छन् । सबै गाउँलेहरू ढुंगाहरू बटुल्न थाल्छन् । साना बालबालिकाले पनि ढुंगाहरू समात्छन् । कोही रुँदैन, कोही हिच्किचाउँदैन । सबैजना शान्त छन्, परम्परा मानेर । र त्यसै क्षण, त्यो गाउँ, त्यो उत्सव, त्यो लटरी । एउटा सामूहिक हिंसामा रूपान्तरण हुन्छ ।

यो कथाको अन्त्यमा केवल दृश्य छ - एकजना महिला ढुंगाले हानिँदै मर्छे र बाँकी गाउँलेहरू आफ्नै दैनिकीमा फर्कन्छन् । गाउँ फेरि शान्त हुन्छ । मानौं केही पनि भएको थिएन ।

हाम्रो समाज र राजनीतिक दलहरूमा पनि कतिपय 'लटरी'हरू छन्, जहाँ अन्याय, असमानता र भ्रस्टाचार निरन्तर चलिरहन्छ । किनकि 'यस्तै त चलन हो', 'यो पार्टीको निर्णय हो' 'आदेश पालना गर्नु कर्तव्य हो' भन्ने आइखमान सोच ब्याप्त छ ।

दलहरुभित्र मानिसहरू विरोध गर्न डराउँछन् । प्रश्न गर्न हिच्किचाउँछन् र मौन बस्छन् । तर, यही मौनता, यही विवेकहीन आज्ञापालन नै समाजको नैतिक पतनको सुरुवात भएको हो । जब हामी सोच्न छोड्छौं, प्रश्न गर्न छोड्छौं तब हामी दुष्टताको लटरी खेलिरहेका हुन्छौं ।

*(साभार: अनलाइनखबर)*

# भ्रष्टाचार व्यक्तिबाट हुन्छ वा सिस्टमबाट ?

✍ आरसी पाण्डे क्षेत्री

बडा दसैंको चहलपहल सकिएसँगै नेपाली घरआँगनमा यत्तिबेला तिहार सँग-सँगै म्हः पूजा र छठ पर्वको आगमन भएको छ । बारीमा कोदो झुलिरहेका छन्, खेतका गराहरूमा किसान धान भित्र्याउने चटारोमा छन् । आफ्ना दाजुभाइ र दिदीबहिनीलाई वर्ष दिनको भाइटिका सम्झेर कोही परदेशबाट घरदेश आइरहेका छन् । कोही सहरबाट गाउँ त कोही गाउँबाट सहर धाइरहेका छन् । करेसाबारी र खेतबारीका गराहरूमा मखमली, सयपत्री र गोदावरीले सुवास छरिरहेका छन् ।

काठमाडौंको असन र न्यूरोड झैं प्रत्येक गाउँ-नगरका बजार क्षेत्रहरूबाट तिहार, म्हः पूजा र छठ पर्व भित्र्याउने क्रम दिन दुई गुणा रात चौगुणा बढ्दै गइरहेको छ । नेपाली समाज विविधतामा एकता भएको समाज हो । विविध भाषा, संस्कृति, चाडपर्व र रहनसहन भएका समुदायहरूको एकताले नै नेपाली समाजको आधार निर्माण गरेको छ । एक वाक्यमा भन्दा यिनै भाषा, संस्कृति र चाडपर्वहरूकै कारण नेपाली समाज फूलको माला झैं गाँसिएको छ । आजको आधुनिक युगमा हामी शिक्षा, रोजगारलगायत अन्य अवसरहरूको खोजीमा स्वदेश तथा विदेशका कुना-कुनामा पुगेका छौं । तर, हामी जहाँ भए पनि हामीलाई हाम्रा चाडपर्वहरूले सधैं आफ्नो गाउँ, समाज र परिवारसँग जोडिरहेको हुन्थ्यो ।

तर यो वर्षको दसैं र तिहार जस्ता पर्वहरू सदाझैं सुखदायी बन्न सकेन । हामी निक्कै ठुलो उकुसमुकुस र उराठ वातावरणबिच चाडपर्व मनाउने तरखरमा जुट्नुपरेको छ । सबै नेपालीको अन्तर्हृदयमा घमाइलो मौसम, फूलहरूको वासना र पारिवारिक मोह हुँदाहुँदै पनि चाडपर्वको कुनै उमङ्ग पैदा हुन सकेको छैन । हुन त सिङ्गो मुलुक नै शोकमा हुँदा, ७६ जना निहत्था नागरिकले ज्यान गुमाउँदा र हजारौं निर्दोष युवाहरू घाइते हुँदा स्वाभाविक रूपमा कुनै उमङ्ग पैदा हुने कुरा पनि भएन ।

विगत लामो समयदेखि नेपाली युवाहरू मुलुकमा व्याप्त बेथिति, भ्रष्टाचार, नातावाद, कृपावाद जस्ता कुशासनका अवयवहरूका विरुद्धमा निरन्तर आक्रोश पोखिरहेका थिए । खास गरी सामाजिक सञ्जालका माध्यममार्फत युवाहरूले मुलुकको समग्र विकास, सुशासन र सामाजिक न्यायका पक्षमा आफ्ना आवाजलाई बुलन्द बनाइरहेका थिए । यिनै आधारहरूको उत्कर्षको रूपमा गत भदौ को २३ र २४ गते भएको जेनजी युवाहरूको विद्रोह स्थापित भयो । नेपालको राजनीतिक इतिहासलाई नियाल्ने हो भने पञ्चायती कालरात्रि विरुद्धको ०४६ सालको जनआन्दोलन, ०५२ बाट सुरु भएको १० वर्षे जनयुद्ध वा २०६२/६३ को दोस्रो जनआन्दोलन हुँदै संविधान निर्माण र हालैको जेनजी विद्रोहसम्म होस् नेपाली युवाहरूले निरन्तर बलिदानीपूर्ण संघर्ष गर्दै आइरहेका छन् । पञ्चायती व्यवस्थाका पञ्चहरू र तीनका मण्डलेहरूले पिरोलेको नेपाली समाजले लामो सैर्ष गरेर बहुदलीय प्रजातन्त्रको स्थापना गऱ्यो । तर नेपाली जनताको आधारभूत समस्याको कुनै समाधान हुन सकेन । शिक्षा, स्वास्थ्य, रोजगार जस्ता आधारभूत विषयमा जनताको पहुँच शून्य सरह भयो ।

प्रजातन्त्रको उदयले पनि नेपालमा कुनै उद्योग कलकारखाना खोल्न सकेन, बरु उल्टै रुग्ण अवस्थामा रहेका उद्योगहरू पनि बन्द गराइए । रोजगार सिर्जना गराउनुको साटो जनतालाई वैदेशिक रोजगारका लागि कर्जा उपलब्ध गराएर विदेश लखेट्ने काम गरे । युवाहरूलाई नेपालमै टिकाउनका लागि कुनै योजना बन्न सकेन, उल्टै विश्व बैङ्कबाट ऋण ल्याएर तलबभत्ता खाने अवस्थामा पुऱ्याए । टनकपुर सन्धि, महाकाली सन्धि जस्ता देशघाती सन्धिहरू यही अवधिमा भए । लाउडा र धमिजा जस्ता काण्डहरू पनि यही अवधिमा भए ।

जेनजी विद्रोह हुँदासम्म पनि शासन सत्तामा रजगज गरिरहेका शेरबहादुर देउवा र केपी शर्मा ओलीहरू नै त्यसबेलादेखिका नाइके अनुहारहरू हुन् । बहुदलीय प्रजातन्त्रले पनि नेपाली जनताको जनजीविकामा कुनै परिवर्तन नल्याएपछि तत्कालीन नेकपा माओवादीले नयाँ जनवादी व्यवस्थाको परिकल्पना गरेर जनयुद्ध सुरु गऱ्यो । जुन १० वर्षसम्म चलेर ०६२/६३ को दोस्रो जनआन्दोलनपछि विस्तृत शान्ति सम्झौतामा टुङ्गियो । र, राजतन्त्रको अन्त्य गरी अन्तरिम संविधानमार्फत सैँय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भयो ।

करिब १० वर्ष लामो संक्रमणकालपछि अन्ततः ०७२ सालमा नेपालको संविधान पनि जारी भयो । जुन यिनै राजनीतिक दल र यिनै अनुहारहरूको सत्तालिप्सा र जनविरोधी हर्कतका कारण लम्बिएको थियो । नेपाली जनताले संविधानसँगसँगै मुलुकमा विकास, स्थिरता, सुशासन र समृद्धिको आशा राखेका थिए । संविधानका मौलिक हकहरूको व्यावहारिक कार्यान्वयनको आशामा थिए । सारमा भन्नुपर्दा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी चाहेका थिए । तर, संविधान निर्माण पछि १० वर्ष बितिसक्दासमेत नेपाली जनताले अपेक्षित परिणाम अनुभव गर्न पाएनन् ।

निश्चय नै ०७२ पछि देशमा संविधान त नयाँ आएको थियो । तर राजनीतिक दल र तीनका नेताहरूको व्यवहार भने उही पुरानै पञ्चायतकालका पञ्चहरूको भन्दा फरक थिएन । १० वर्ष युद्ध हाँकेर आएको माओवादी पार्टी पनि उही पुरानै दलहरू झैं सत्तालिप्सा, कमिसन र भ्रष्टाचारको अविराम यात्रामा होमिन पुग्यो । मजदुर, महिला, दलित, आदिवासी, मधेसी आदिको समस्यालाई हल गर्ने त भनियो तर समस्या ज्युँकात्यु रह्यो । नयाँ संविधान बनेपछि यिनै राजनीतिक दलहरूले व्यवस्था बदलिसकेको हुनाले अब अवस्था बदल्ने बाचा गर्दै ०७४ र ०७९ गरी २ पटक निर्वाचनमा पनि होमिए । करिब दुई तिहाइको सरकार पनि बनाए, तर जनतालाई डेलिभरी दिनै सकेन । वाइडबडी काण्ड, सुन काण्ड, भुटानी शरणार्थी काण्ड, ललितानिवास, गिरिबन्धु हुँदै टेरामक्स र विमानस्थल काण्डसम्म गरी दर्जनौं भ्रष्टाचार र अनियमितताका शृंखलाहरूमा यी राजनीतिक दल र दलका नेताहरू संलग्न हुँदै आए ।

भ्रष्टाचारका काण्डहरूमा राजनीतिक दलका नेताहरू मात्र नभई माथिल्लो दर्जाका कर्मचारीदेखि तल्ला तहसम्मका कर्मचारीहरूको पनि ठुलो संलग्नता छ । नेपालको कर्मचारीतन्त्रका विषयमा त आम नेपालीहरू जानकार नै हुनुहुन्छ । भ्रष्टाचार र अनियमितताबाट सायदै नेपालका कुनै पनि राज्यसंयन्त्र अछुतो छ । सेना, प्रहरी, न्यायालय जताततै भ्रष्टाचारको अखडा बनिरहेको छ । यिनै भष्टाचारका काण्डैकाण्डहरुको विरोधमा आम नेपाली जनता र खास गरी जेनजी उमेर समूहका युवापंक्तिले सामाजिक सञ्जाललाई आलोचना गर्ने केन्द्रको रूपमा विकास गरेका थिए । बेथिति र भ्रष्टाचारको विरुद्धमा सामाजिक सञ्जालमा नै आफ्ना आक्रोशहरू पोखिरहेका थिए । तर शासन गरिरहेका शासकहरू भने एकपछि अर्को भ्रष्टाचारका काण्डहरू मच्चाइरहेका थिए ।

यसको विरोध सामाजिक सञ्जालमा तीव्र गतिमा फैलिन थालेको थियो । यसैबिच भ्रष्टाचार रोक्नुको साटो सरकारले उल्टै नियमनको नाममा सामाजिक सञ्जालमाथि नै रोक लगाए र आम जेनजी युवाहरूले यसको विरोधमा शान्तिपूर्ण रूपमा प्रदर्शन गर्ने उद्घोष गर्दै सडकमा आए । तत्कालीन प्रधानमन्त्री स्वयंले जेनजी युवाहरूलाई अपमानित हुने गरी टीकाटिप्पणी गरेर जेनजी युवाहरूलाई थप आक्रोशित बनाएका थिए । फलस्वरूप २३ गते प्रदर्शन भयो, प्रदर्शनमा एकैदिनमा १९ जनाको मृत्यु हुने गरी राज्य दमनमा उत्रियो । त्यसपछिको परिस्थितिबारेमा त तपाईं हामी सबैजना जानकार नै छौं ।

आज देशमा गणतन्त्र आएको भनिएको छ । गाउँगाउँमा सिंहदरबार आएको भनिएको छ । तर, त्यो आम नेपाली जनताले अनुभूत गर्ने गरी कहिल्यै आएन । राजनीतिक दल, तीनका नेता कार्यकर्ता, आसेपासे र सीमित भ्रष्ट कर्मचारीहरूका लागि मात्र गणतन्त्र आएको महसुस जनताले गरेका छन् । भ्रष्टाचारको अन्त्य गर्ने नाममा केही नयाँ पार्टीहरू पनि उदाएका छन् । तर, जेनजी विद्रोहले तिनीहरूको पनि वास्तविक अनुहार छताछुल्ल बनाइदिएको छ । यतिबेला नयाँ, पुराना सबै पार्टी र तिनका नेताहरू भ्रष्टाचार, कमिसन र ठगीधन्दाको दुर्गन्धित आहालमा चुर्लुम्म डुबेकाले नै यो जेनजी विद्रोहसम्म नेपाली समाज आइपुगेको छ । साँच्चै विगतदेखि नै निरन्तर परिवर्तनको लागि सैर्ष गर्दै आएका नेपाली जनता यतिबेला निक्कै नै उकुसमुकुस र दोधारे मनस्थितिमा जेलिएको छ । एकाथरी शक्तिहरु पहिला त देश स्वर्ग झैं थियो भन्ने भाष्य बनाएर परिवर्तनकारी जनतालाई दिग्भ्रमित बनाउन खोजिरहेका छन् । अर्काथरीहरु भर्खरैसम्मको आफ्नो लूटको साम्राज्यलाई जोगाउन चाहिरहेका छन् । तर यथार्थ के हो भने यी दुवै अवस्थालाई नेपाली जनताले भोगेरै अथवा अनुभव गरेर नै तिनीहरूका विरुद्धमा संघर्ष गरेर आजको अवस्थामा आइपुगेको हो ।

भ्रष्टाचारको विषयमा बहस गर्दा वास्तवमा केही सीमित व्यक्तिहरू भ्रष्टाचारी भएका कारण भ्रष्टाचार बढेको होइन । यो त हाम्रो सिस्टम नै भ्रष्टाचार उत्पादन गर्ने कारखाना जस्तो भएका कारण भ्रष्टाचार भइरहेको हो । वडा सदस्यदेखि प्रधानमन्त्रीसम्म, खरिदारदेखि मुख्यसचिवसम्म, सामान्य उपभोक्ता समितिदेखि नागरिक समाजसम्म यहाँ सबका सब भ्रष्टाचारमा लिप्त छन् । र, भ्रष्टाचारीहरू जन्मिरहेका छन् । भ्रष्टाचारीहरुलाई सजायको साटो पुरस्कार दिइन्छ भने त्यहाँ कसरी भ्रष्टाचारको अन्त्य हुन्छ र ? एउटा सामान्य वडाध्यक्षमा चुनाव लड्न करोड खर्च हुन्छ भने त्यहाँ भ्रष्टाचार अवश्य हुन्छ ।

त्यसकारण आजको अवस्थामा भने अब हामी आम नेपाली जनता र खास गरी जेनजी युवाहरूले ठण्डा दिमाग लगाएर सोच्ने र देशलाई अग्रगामी रूपान्तरणमा लैजाने ऐतिहासिक जिम्मेवारी पनि आइलागेको छ । हामीले पञ्चायतसँग लडेको बखतबाट नै भ्रष्टाचारको विरोध गर्दै आयौं तर, कहिल्यै अन्त्य भएन, बरु झन् झन् बढ्यो ।

यो किन होला त ? शासकहरू फेरिए तर पनि जनताको दुःख किन कम भएन ? आज ८० लाख नेपालीहरू किन ५० डिग्रीको घाममा पसिना बेच्न बाध्य छन् ? बिदेसिने क्रम दिनप्रतिदिन किन बढ्दै गइरहेको छ ? लाखौं नेपालीहरू आफ्नो देशको सारा सम्पत्ति बेचेर, नागरिकतासमेत त्यागेर विदेश बस्नुपर्ने अवस्था कसरी आयो ? चाडपर्वमा सबै परिवार सँगै बसेर एक छाक मिठोमसिनो खान पाउने अवस्था कहिले आउने हो ? आमाबाबाको लासमा दागबत्ती दिन चिलगाडी चढेर आउनुपर्ने अवस्थाको अन्त्य कहिले हुने हो ? कालापानी र लिपुलेकमा विदेशी सेनाले परेड खेल्दा धपाउने कसले हो ?

यी यावत प्रश्नहरूको उत्तर अब हामी आम युवापंक्तिले खोज्नै पर्छ । यसको ठिक उत्तर जबसम्म हामीले प्राप्त गर्दैनौं तबसम्म यो देशमा भ्रष्टाचारको अन्त्य सम्भव छैन । किनकि यिनै प्रश्नहरूको ठिक उत्तरले मात्रै टुक्रिएका हाम्रा परिवारहरू एकत्रित हुनेछन् ।

टाढिएका हाम्रा आफन्तहरू दसैं, तिहार, छठ, ल्होछार र उभौलीमा एकैठाउँमा हुनेछन् । निर्दोष युवाहरूले अनाहकमा ज्यान गुमाउनुपर्ने अवस्था आउने छैन र समग्रमा हामी तीन करोड नेपालीहरूको सबै दुःखलाई अन्त्य गर्न सक्छ ।

*(साभार: रातोपाटी)*

# जेनजी आन्दोलनका भाइरल भिडियो, विवादमा तानिँदै इन्फ्लुएन्सरदेखि कलाकार



काठमाडौं/पृष्ठभूमिमा नयाँ बानेश्वरको संसद् भवनतर्फ ढुंगा बर्साउँदै एउटा हुलभित्र छिरिरहेको छ । नाराबाजी गर्दै भित्र छिरेको त्यस्तै हुलले भवनमा आगजनी र तोडफोड गरिरहेको छ । सोही भीडभित्र रहेका निर्देशक, कवि, कमेन्टेटर, पूर्वफुटबल खेलाडी अमनप्रताप अधिकारी अश्लील र अराजक शैलीमा नेताहरूलाई गाली गुर्दै जलिरहेको संसद्रु भवन अगाडि खुशी मनाइरहेका छन् । यो दृश्य हो अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको एउटा भिडियो हो ।

'दिस इज हाउ संसद् भवन वाज टेकेन डाउन' भन्दै उनले बनाएको त्यो भिडियो सामाजिक सञ्जालमा राखेका थिए । भदौ २४ गतेको विध्वंसको साक्षी बन्दै गरेको भिडियो राख्दै उनले सञ्जालमै खुशीयाली मनाएको दृश्य देख्न सकिन्छ । इन्फ्लुएन्सर वा कसैले पनि आफ्नो भिडियोलाई बुस्ट गर्न विभिन्न ह्यासट्याग राखेर पोस्ट गर्छन् । सो भिडियोमा पनि अमनप्रतापले ह्यासट्याग जेनजी, जेनजी नेपालसँगै ह्यासट्याग डनडाइरेक्टर राखेका छन् । भिडियोमा उनले बोलेका छन्, 'देखिस्, जल्यो तेरो देश... ।'

'ल हेर अब संसद् भवनभित्र पूरै सकियो...भन्दै उनले अनेकपटक अश्लील शब्द उच्चारण गर्दै गाली गरेका छन् । हालसम्म उक्त भिडियो १७ हजार पटक हेरिएको छ । यो रिपोर्ट तयार पार्दासम्म तीन सयभन्दा धेरै लाइक उक्त भिडियोले पाएको छ । तर, अमनप्रतापको त्यो भिडियो उनकै सामाजिक सञ्जालबाट भन्दा पनि अन्य ह्यान्डलबाट भाइरल बनिरहेको छ । यही कारण सञ्जालमा उनी आलोचित बनिरहेका छन् । सोही दिन उनले संसद् भवन जलिरहेको धुँवामय भिडियो पनि सञ्जालमा राखेको देखिन्छ ।

यसरी भदौ २४ मा सडकमै देखिएका अमनप्रतापले त्यसअघि पनि जेनजी आन्दोलनलाई समर्थन गरेको देखिन्छ । भदौ २३ गतेको जेनजी प्रदर्शनमा राज्यपक्षबाट दमन भएपछि पनि उनी आक्रोशित बन्दै सामाजिक सञ्जालमा पोखिएका थिए । सोही दिन १९ जनाको हत्या भएको समाचार बाहिरिएपछि 'अवोध बालबालिकाको हत्यारा सरकार' भन्दै भिडियो बनाएका थिए । उक्त भिडियो २४१ हजारपटक हेरिएको छ । 'जसले गोली हान्यो...त्यो चिफ, जसले गोली हान्ने आदेश दियो...उसले आदेश पायो गृहमन्त्रीको...त्यो गृहमन्त्रीले सल्लाह गरे प्रधानमन्त्रीसँग,' भदौ २३ गते पोष्टाइएको उक्त भिडियोमा उनले बोलेका छन्, 'प्रधानमन्त्रीबाट गो अ हेड भन्दै आदेश आएपछि गृहमन्त्री हुँदै क्रमश: सिपाहीसम्म त्यसले काम गर्‍यो । गोलीबाट कलिला बालबालिका र विद्यार्थीको हत्या गरियो । गोली हान्ने सिपाहीमात्र हैन, यो आदेश दिने चेन नै हत्यारा हो ।'

अमनप्रताप यतिमै रोकिँदैनन् । अब यो आन्दोलन जेनजीको मात्र नभएर सबै नेपालीको रहेको आशयको अभिव्यक्ति दिन्छन् । 'यो विषय अदालतसम्म जानुपर्छ । राजीनामा-सामाले पुग्दैन । जो-जो तपाईंहरू इन्भल्ब हुनुहुन्छ, सख्त कारबाही हुनुपर्छ,' उनी थप भन्छन्, 'अब यो आन्दोलन जेनजीको मात्र रहेन । तपाईं हामी सबैको रह्यो । उमेरमा जेनजी नहुँला, मन मस्तिष्कमा जेनजी हुँ । अब यी हत्याराहरूलाई छाडिने छैन ।'

यसरी अघिल्लो दिन सामाजिक सञ्जालमा आक्रोश पोखेका अमनप्रताप भोलिपल्ट भदौ २४ गतेको विध्वंसमा सहभागी भए । यसपछि उनी क्रमश: राजनीतिक कुरामा टिप्पणी गर्न थाल्छन् । जेनजी बिद्रोहको त्यो उग्र क्षण केही सेलाएपछि अबको नेतृत्व को वा कसरी अघि बढ्ने भन्ने बहस सञ्जालमा छेडिन्छ । त्यसमै टेकेर अमनप्रतापले लेखेका थिए, 'रवि र राजाको यो समय हैन है साथी हो । हामीलाई चाहिएको त्यो भन्दा धेरै माथि हो ।'

भदौ २५ गते माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बारे चासो राख्दै अंग्रेजीमा अर्को पोस्ट गर्छन्, 'प्रचण्ड कहाँ छन् ? कसैलाई थाहा छ ?' र, रिल्समा लेखेका छन्- क्याच द डेभिल अर्थात् सैतानलाई समात ।

त्यसपछि सेप्टेम्बर १२ मा सुशीला कार्की अन्तरिम सरकार प्रमुख बन्ने टुंगो भएपछि उनले यसमा खुशी जनाउँदै सामाजिक सञ्जालमा लेखेका छन् । 'नाव वी बिगन... वी स्टार्ट फ्रम ग्राउन्ड जेरो,' सुशीला कार्कीमा विश्वास गर्दै उनले थपेका छन्, 'जेनजी अफ नेपाल, यु डिड इट... ।'

यो सबै विद्रोह सफल हुनुमा उनले 'विवेकशील अभियन्ता' उज्ज्वल थापालाई धन्यवाद दिए । नेपालको समृद्धिको यात्रा अब सुरु भएको भन्दै यसको लागि थापाले सुरु गरेको वैकल्पिक राजनीतिको अभियानले साथ दिएको भन्दै उनका विगतका अभियान स्मरण गरे ।

यसरी निरन्तर राजनीतिक टिप्पणी गरिरहेका र जेनजी आन्दोलनबारे लेखिरहेका अमनप्रताप सेप्टेम्बर १५ मा आइपुग्दा भदौ २३ को राज्यतर्फबाट भएको हत्या, २४ गतेको लुटपाट र तोडफोडमा संलग्न सबैलाई सजाय दिनुपर्ने लेखेका छन् । अब सरकारको प्राथमिकता नै यसलाई छुट्याएर कारबाही गर्नुपर्ने उनको तर्क छ, जबकी उनी आफैँ संसद भवन आगजनी गर्न पुगेको र त्यसलाई लिएर खुशी भएको भिडियो आइरहेको छ ।

सोही भिडियोमा टेकेर अमनप्रतापमाथि आलोचनाको ग्राफ सञ्जालमा एकाएक बढिरहेको छ । यद्यपि, यसबारे अमनप्रतापले आमजनको प्रश्नलाई सम्बोधन गर्नेगरी जवाफ दिएका छैनन् । जेनजी आन्दोलन पछि निरन्तर राजनीतिक टिप्पणी गरिरहेका उनले शनिबार सामाजिक सञ्जालमा लेखेका छन्- न्यायको प्रतीक्षामा सहिदका परिवार छन्, घाइतेहरू अझै अस्पतालमा छट्पटाइरहेका छन् । चाकरी छोडौं, हत्यारा समाऔं ।

यी अमनप्रताप क्षेत्रप्रताप अधिकारीका छोरा हुन् । क्षेत्रप्रताप एक चर्चित कवि र गीतकार त हुन् । क्षेत्रप्रताप पूर्व शिक्षा सहायक मन्त्री थिए । २०४६ सालको जनआन्दोलन छानबिन सम्बन्धि मल्लिक आयोगले ठहर गरेका दोषी हुन् । तर, दरबारनिकट भएकाले नै जोगाइएको आरोप उनीमाथि लागेको छ । त्यसैले नेपो बेबी ट्रेन्डकै जगमा सुरु भएको जेनजी आन्दोलनमा सहभागी क्षेत्रप्रताप आफैं सबैभन्दा ठूलो 'नेपो बेबी' रहेको भन्दै अहिले सामाजिक सञ्जालमा आलोचना भइरहेको छ ।

जेनजी आन्दोलनकै क्रममा कांग्रेस नेता विमलेन्द्र निधिको खरानी भइसकेको घर नजिकको फोटो सार्वजनिक भएपछि कलाकार दिपकराज गिरी पनि विवादित बन्न पुगे । भदौ २४ गतेको विध्वंसमा खरानी बनेको त्यो घर हेर्दै गरेको उनको तस्बिर राख्दै उक्त घटनाको जिम्मेवारभैं उनको समाजिक सञ्जालमा आलोचना गरिएको छ ।

यसबारे कलाकार गिरीले भने खण्डन गरिसकेका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'सकेसम्म नबोलौं भन्ने नै थियो । तर धेरैले यो फोटो पठाएर सोध्नु भो, दीपकजी, के यो तपाईं नै हो ? अब जिम्मवार नागरिकको हिसाबले त बोल्नै पर्‍यो ।'

रास्वपा नेताले बोलाएर घरबाट निस्कँदा संयोगले त्यहाँ पुगेको बताउँदै उनी थप लेख्छन्, 'त्यो दिन गणेश कार्की भाइले फोन गरेर सर्वपक्षीय सानो भेला छ बानेश्वरमा, कलाकारको रूपमा तपाईंहरू पनि आउनुस् भन्नुभयो । त्यसपछि म घर बाट हिडें । त्यतिबेला बाहिर सामान्य तोडफोड सुरू भईसकेको थियो । मेरो घरबाट बानेश्वर जाने बाटोमा पर्दोरहेछ त्यो घर । कसको घर हो त्यो पनि थाहा थिएन । त्यहाँ केही रमिते केटाहरूले त्यो तोडफोड भैसकेको घर हेरिरहेका थिए । मलाई हात हल्लाए । फोटो पनि खिचिरहेकै थिए । भएको त त्यति नै थियो तर अहिले त्यो बाटोमा हिँडिरहेको फोटो हालेर आफ्नै शैलीको राम्रो कथा बुनेछन् ।'

यसरी आफू त्यस्ता तोडफोड र आगजनीमा सहभागी नभएको बताउँने गिरीले आन्दोलनमा भने आफ्नो समर्थन रहेको बताएका छन् । नेपालका हरेक परिवर्तनको आन्दोलनलाई समर्थन गरेभैँ यसमा पनि नैतिक समर्थन गरेको उनी बताउँछन् । गिरीकै अनुसार आगजनी भएको उक्त स्थानबाट उनी गणेश कार्कीले बोलाएको ठाउँमा पुग्छन् । त्यहाँ केही कलाकारसँगै वैकल्पिक राजनीति गरिरहेका अभियन्ता मिलन पाण्डे लगायतका १२ जना व्यक्ति एक ठाउँ भेला हुन्छन् ।

सोही ठाउँमा कलाकार निश्चल बस्नेत पनि देखिन्छन् । उनै बस्नेतले त्यहाँ बोलेको कुरा पनि अहिले विवादित बन्न पुगेको छ । 'जुन जेनजी पुस्ताले सुरु गरेको आन्दोलन थियो, यसले अहिले सार्थकता पाएको छ,' पृष्ठभूमि देखाउँदै बस्नेतले भनेका छन्, 'अहिले हाम्रो पछाडि जुन धुँवा देखिरहनुभएको छ, त्यो धुँवाको अर्थ के हो भने, अहिलेसम्म हामीलाई जजसले खेलाए, नचाए, आशा देखाए, भरोसा देखाए तर केही पनि गरेनन् । उनीहरू सबैको धुँवा हो त्यो ।'

त्यसअघिको निश्चल बस्नेतको अर्को भिडियो छ, जसले उनलाई थप आलोचित बनाइरहेको छ । बानेश्वरस्थित संसद् भवन अगाडि आफ्ना शुभचिन्तकलाई सेल्फी दिइरहेका उनले यो 'नयाँ युगको सुरुवात हो' भन्दै युवालाई जोस्याइरहेका छन् । पृष्ठभूमिमा धुँवामय चोक देखिन्छ । संरचनाहरू जलिरहेका छन् । युवाहरू लाठी बोकेर यताउता गरिरहेका छन् ।

'जेनजीले गरेर देखाएको छ, थ्यांक यू उनीहरूलाई...,' बस्नेतले उनका शुभचिन्तकले खिचिरहेको उक्त भिडियोमा भनेका छन् । हातमा राष्ट्रिय झन्डा बोकेका उनले युवालाई जोस्याएर अन्यत्र मोडिन्छन् । उनको सोही भिडियोले २४ गतेको विध्वंसमा प्रत्यक्ष संलग्न रहेको आरोप उनीमाथि लगाइएको छ । सामाजिक सञ्जालमा बस्नेत आलोचित छन् ।

यद्यपि, यसबारे बस्नेतले भने खण्डन गरिसकेका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'मैले कतैपनि ढुंगा हानेको, आगजनी गरेको प्रमाणित गर्नुस्, मलाई जे सजाय दिएपनि भोग्न तयार छु । प्रमाण खोज्दा म ढुंगा हान्दै थिएँ कि रोक्दै थिएँ स्पष्ट हुन्छ । त्यसैले कृपया ममाथि छानबिन गर्न आग्रह गर्दछु ।' सँगसँगै बस्नेतले आफू आन्दोलनमा गएको, भ्रष्टाचारको विरोध गरेको स्वीकार गरेका छन् । र, जुन भिडियो भाइरल बनाइएको छ, त्यो भिडियो आफूले नखिचेर अन्य 'दाजुभाइ दिदीबहिनी' ले खिचेको दाबी गरेका छन् ।

बस्नेत आन्दोलनको दिनमात्र नभएर त्यसपछिका राजनीतिक गतिविधिमा समेत प्रत्यक्ष संलग्न भएका देखिन्छन् । जेनजी आन्दोलन पछि भएका वार्ता र छलफलमा समेत बस्नेत सक्रिय भएर लागेका थिए । त्यस्तै, वैकल्पिक शक्ति निर्माण गर्ने उपयुक्त समय रहेको भन्दै त्यसको लागि विभिन्न शक्तिसँग पहल गरिरहेको भेटिएका छन् ।

'एउटा वैकल्पिक शक्ति आउनुपर्छ भनेर उहाँ विभिन्न समूहसँग छलफलमा हुनुहुन्छ । विशेषगरी काठमाडौंका मेयर बालेन शाहले पार्टी गठन गरिदिए हुन्थ्यो भन्ने अपेक्षा धेरै देखिन्छ । अरुसँगको संवादमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ,' बस्नेतनिकट स्रोतले संचारकर्मीलाई भन्यो । यसबाहेक अन्य कलाकार र इन्फ्लुएन्सर पनि जेनजी आन्दोलनमा सडकमा देखिन्छन् । सामाजिक सञ्जालबाटै चर्चामा आएका करिश्मा केसी, इभा गिरी, इस्टु कार्कीलगायतका इन्फ्लुएन्सर पनि प्रदर्शनमा देखिएका थिए ।

जस्तो, भदौ २३ गते राज्यपक्षबाट भएको दमनलाई लिएरै उनीहरू कति आक्रोशित बनेका थिए भन्ने उनीहरूकै अभिव्यक्तिले देखाउँछ । सोही दिनमात्र इन्फ्लुएन्सर इस्टु कार्कीले लेखेकी थिइन्, 'यो रगतको एक-एक गरेर हिसाब निकालिन्छ ।'

सोहीअनुसारको आक्रोश भदौ २४ गतेको सडकमा पनि देखिन्छ । त्यसदिन सरकारी संरचनामा गरिएको क्षतिबाट भने निराश भएको अभिव्यक्ति कार्कीले सञ्जालमै दिएकी छिन् । यद्यपि, यो सबैको जगमा अन्तरिम सरकार बनेपछि भने यी कलाकार र इन्फ्लुएन्सरले खुशी व्यक्त गरेका पोस्ट पनि सञ्जालमा छरपस्ट छन् ।

'यो इतिहास लेख्न सहयोग गर्ने सम्पूर्ण हातहरूलाई बधाइ छ । नेपालको पहिलो महिला प्रधानमन्त्री 'सुशीला कार्की,' कार्की प्रधानमन्त्री बनेपछि खुशी व्यक्त गर्दै इन्फ्लुएन्सर इस्टु कार्कीले लेखेकी छन् । सोही प्रकृतिका पोस्ट अन्य कलाकारहरूले पनि लेखेका थिए । यसरी सञ्जालमा आन्दोलनको सुरुवातदेखि उनीहरूले छाडेका डिजिटल फुटप्रिन्टकै कारण अहिले यी कलाकार र इन्फ्लुएन्सर विवादित बन्न थालेका हुन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'वरिष्ठ बलराम'लाई दर्शकको साथ, माउथ पब्लिसिटीले बढ्यो शो



काठमाडौं/भाइटीकाको अवसर पारेर बिहीबारदेखि प्रदर्शनमा आएको फिल्म 'वरिष्ठ बलराम'ले दर्शकको राम्रो साथ पाएको छ । पहिलो दिन देशभर ६०-६५ प्रतिशत अकुपेन्सी हासिल गरेको फिल्मले सकारात्मक 'वर्ड अफ माउथ'का कारण दोस्रो दिन पनि हलमा उत्साहजनक दर्शक तानेको छ । शुक्रबार तिहारको विदा नै भएकाले फिल्मका धेरैजसो शो विहानैदेखि भरिएका थिए ।

निर्माता आशिष एच तामाङले काठमाडौंसहित चितवन, धरान, बुटवल, नेपालगन्ज, पोखरा, विराटनगर लगायतका मुख्य सहरमा शुक्रबार फिल्मले उत्साहजनक दर्शक पाएको बताए । शुक्रबार अकुपेन्सीमा वृद्धि भएपछि केही हलहरूले शो समेत बढाएको उनको भनाइ छ । दर्शकबाट उत्कृष्ट प्रतिक्रिया प्राप्त भएकाले फिल्मले आगामी दिनमा पनि सुखद् व्यापार गर्ने उनको विश्वास छ ।

फिल्मका दुई मुख्य पात्र दयाहाङ राई र विजय बरालको स्क्रिन केमेस्ट्री, संवाद, कथा र प्रस्तुतिलाई दर्शकले विशेष मन पराएका छन् । फिल्म हेरेर निस्किएका प्राय:ले 'वरिष्ठ बलराम'ले मनोरञ्जन सँगै सामाजिक सन्देश पनि दिएको प्रतिक्रिया दिएका छन् । कतिपयले 'माटो सुहाउँदो कथा' भन्दै फिल्मको प्रशंसा गरेका छन् ।

सुरेन्द्र पौडेलको निर्देशनमा बनेको यो फिल्ममा दयाहाङ र विजयसहित समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी लगायतको अभिनय रहेको छ । यसमा निर्देशक पौडेल स्वयंको कथा तथा सम्पादन छ भने महेश दवाडीले पटकथा र संवाद तयार पारेका हुन् । फिल्मले दुई पात्रबीचको अस्तित्वको संघर्षलाई मुख्य कथावस्तु बनाएको छ ।

# 'परान'ले घोषणा गर्‍यो 'मेरो परान' प्रतियोगिता, पुरस्कार राशि १ लाख




काठमाडौं/यही कात्तिक १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'परान'ले दर्शकको ध्यान आकर्षित गर्न नयाँ प्रचार अभियान सुरू गरेको छ । निर्माण पक्षले 'मेरो परान' नामक प्रतियोगिताको घोषणा गर्दै दर्शकलाई फिल्मसँग भावनात्मक रूपमा जोड्ने प्रयास गरेको हो । यो प्रतियोगिताको पुरस्कार राशि १ लाख रुपैयाँ राखिएको छ ।

यस प्रतियोगितामा सहभागी हुन इच्छुकले आफूले 'परान' ठानेको व्यक्तिसँगका तस्बिर हरू पोस्ट गर्दै क्याप्सनमा आफ्ना मनका कुरासहित 'मेरो परान' लेखेर फिल्मको आधिकारिक फेसबुक पेजमा ट्याग गर्नुपर्नेछ । यसरी पोस्ट गर्नेमध्ये एक जनालाई 'लक्की ड्र'मार्फत विजेता घोषणा गरिने र एक सय जनालाई फिल्मको विशेष शोको टिकट उपलब्ध गराइने जनाइएको छ ।

'मेरो परान' प्रतियोगिताको घोषणा गर्दै फिल्मको टिमले केही स्वयंसवकलाई क्यूआरसहित देशका विभिन्न ठाउँमा पनि पठाएको छ । निर्माता रञ्जित आचार्यका अनुसार क्यूआर स्क्यान गरेर फिल्मको ट्रेलर वा गीत सामाजिक सञ्जालमा सेयर गर्नेमध्ये ५० जनालाई कलाकारसँग बसेर फिल्म हेर्ने अवसर प्रदान गरिनेछ । दुवै प्रतियोगितामा कात्तिक २० गतेसम्म मात्र सहभागिता जनाउने पाइनेछ ।

दीपक प्रसाद आचार्य (काकु)को निर्देशनमा बनेको 'परान'मा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविण खतिवडा, बुद्धि तामाङ, बबिन राई, दमन रुपाखेती, यमन श्रेष्ठ लगायतको अभिनय रहेको छ । शेखर गोल्छा र रञ्जित आचार्यको निर्माण रहेको यो फिल्म बाबु-छोराको सम्बन्धको कथामा आधारित छ ।

# 'भाइरल गोर्खे'को 'बतासले उडाइ लाग्यो' गीत: शिव श्रेष्ठको शैलीमा सौगातको डान्स



काठमाडौं/कुमार कान्छा र आशा भोस्लेको लोकप्रिय गीत 'बतासले उडाइ लाग्यो'लाई फिल्म 'भाइरल गोर्खे'का लागि रि मेक गरिएको छ । फिल्म 'चिनो'मा समावेश यो गीतको नयाँ भर्सन भाइटीका अवसरमा बुधबार सार्वजनिक गरिएको हो । गीतमा त्रिशला गुरुङ र दीपक लिम्बूले स्वर दिएका छन् भने संगीत रोहित शाक्यको छ । गीतका शब्द कुशुम गजमेरले लेखेका हुन् ।

श्याम पट्टेलको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी सौगात मल्ल र सृष्टि श्रेष्ठलाई प्रस्तुत गरिएको छ । 'चिनो'मा शिव श्रेष्ठ र कृष्टि मैनालीले देखाएको शैलीलाई सौगात र सृष्टिले दुरुस्तै प्रस्तुत गरेका छन् । जसले ९० को दशकमा हुर्किएका पुस्तालाई नोस्टाल्जिक बनाउँछ । भिडियोमा सौगातले सृष्टिलाई चुम्बन गरेको दृश्य पनि समावेश छ ।

निगम श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको 'भाइरल गोर्खे'मा सौगात र सृष्टिसँगै बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला लगायतको अभिनय रहेको छ । एके बदर कम्पनी, द जिएमआई एकेडेमी र निर्भान फिल्म स्कुलको ब्यानरमा निर्माण भएको यो फिल्मका निर्माताहरू अमित श्रेष्ठ, विशाल तामाङ, महेश लामिछाने र केवल जंग कुँवर हुन् ।

अमर महर्जनको डिओपी, सुरज महर्जनको सिनेमाटोग्राफी, श्री श्रेष्ठको द्वन्द्व, अमित श्रेष्ठको साउन्ड डिजाइन, राजेन्द्र मोक्तानको रंग संयोजन तथा बन्दे प्रसाद, रवि चौधरी र भीम विश्वकर्माको सम्पादन रहेको फिल्ममा शुभेक्षा पौडेल, भुवन अधिकारी र निखिल पौडेल सह-निर्मातामा छन् । भाइरल प्रवृत्तिको पछि लाग्दाको प्रभाव र असरको परिणामलाई फिल्मले देखाउने जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# दुर्गा प्रसाईंले भाडामा मान्छे ल्याएर उतार्न सक्ने सुरक्षा निकायको ब्रिफिङ

काठमाडौं/विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंले १५ कात्तिकपछि घोषणा गरेको आन्दोलन र त्यससँग सम्बन्धित सुरक्षा चुनौतीबारे सुरक्षा निकायका प्रमुखहरूले सरकारलाई ब्रिफिङ गरेका छन् । शनिबार बिहान चार वटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) का प्रमुखहरूसँग प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल र गृहसचिव रामेश्वर दंगालले छलफल गरेका थिए ।

करिब दुई घण्टासम्म चलेको उक्त छलफलमा सुरक्षा निकायका प्रमुखहरूले अहिलेसम्म संकलन गरेका विवरण र वर्तमान अवस्थाबारे आ-आफ्नो विश्लेषण सुनाएका थिए । सोही क्रममा प्रसाईं समूहले घोषणा गरेको आन्दोलन र सम्भावित चुनौतीबारे लामै छलफल भएको उच्च स्रोतले संचारकर्मीलाई बताएको छ । स्रोतका अनुसार यसअघि पनि गत १५ चैतमा तीनकुनेमा भएको घटनाको उदाहरण दिँदै प्रसाईं समूहबाट फेरि पनि यस्ता गतिविधि हुन सक्नेतर्फ सचेत हुनुपर्ने सुरक्षा प्रमुखहरूको भनाइ थियो ।

'प्रसाईं समूहले विशेषगरी भाडामा मान्छे जम्मा पारेर ठूलो भिड जम्मा पार्नसक्ने देखिन्छ । गम्भीर समस्या पनि सिर्जना नहोला भन्न सकिँदैन,' बालुवाटार बैठकमा एक सुरक्षा प्रमुखले भनेका छन्, 'यो समूहको विशेष निगरानी आवश्यक छ ।' प्रसाईं समूहको आन्दोलन व्यवस्थाकै विरुद्धमा भएकाले पनि घुसपैठ हुनसक्ने र अवस्था तनावपूर्ण बन्नसक्ने विश्लेषण बैठकमा सुरक्षा प्रमुखहरूले गरेका छन् ।

सोही विश्लेषण सुनेका गृहमन्त्री ओमप्रकाश अर्यालले बैठकलगत्तै हिंसात्मक आन्दोलन नगर्न र संवादबाटै अघि बढ्न अपिल समेत गरेका थिए । 'राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाअभियान'का संयोजक समेत रहेका प्रसाईंकै अगुवाइमा चैत १५ गते तीनकुनेमा प्रदर्शन बनेको थियो । उक्त प्रदर्शन हिंसात्मक बन्न पुग्दा ठूलो क्षति ब्यहोर्न परेको थियो ।

पुन: सोही एजेन्डा लिएर अघि बढेका प्रसाईं समूहबाट यस्ता गतिविधि दोहोरिनसक्ने संकेत देखिएको र केही सूचना समेत पाएको ब्रिफिङ बैठकमा भएको थियो । बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले सकेसम्म प्रसाईंसँग संवाद गरेर अघि बढ्न गृहमन्त्री र सचिवलाई आग्रह समेत गरेकी थिइन् । स्रोत भन्छ, 'सकेसम्म संवादबाटै अघि बढौं भन्ने हो । त्यसका लागि दुर्गा प्रसाईंसहित सो समूहका व्यक्तिसँग छलफल हुन्छ ।'

देश अहिले विषम परिस्थितिमा रहेको र यस्ता बेलामा अराजक आन्दोलनले थप क्षति हुँदा झनै संकट बढ्नसक्नेतर्फ प्रसाईंलाई सुरुमा सचेत गराउने तयारी सरकारको रहेको स्रोतको भनाइ छ । आन्दोलनमा पठाओ, इनड्राइभ लगायतका राइडर पनि प्रयोग हुनसक्ने जोखिम रहेको सुरक्षा निकायका प्रमुखहरूले ब्रिफिङ गरेका छन् । त्यस्तै, निर्वाचन सुरक्षाबारे पनि बैठकमा छलफल भएको थियो । 'पहिला दुर्गा प्रसाईंसहितको टिमलाई बोलाएर छलफल गराउने । सकेसम्म संवादबाटै अघि बढ्ने बाटोमा लानेतर्फ कोसिस रहन्छ,' एक सुरक्षा प्रमुख भन्छन्, छन्, 'त्यसपछि पनि मान्नुभएन भने शान्तिपूर्ण आन्दोलन मात्रै गराउनेतर्फ छलफल अघि बढ्छ ।'

यदी सरकारको अनुरोधलाई बेवास्ता गरेर प्रसाईं समूह अघि बढेको खण्डमा जस्तोसुकै कदम चाल्नेगरी तयारी भइरहेको ती सुरक्षा प्रमुख बताउँछन् । 'सकेसम्म सम्झाउने नै हो । संवादबाटै अघि बढ्ने नै हो,' ती प्रमुखले भने, 'यदी आन्दोलन गराएरै छाड्ने र हिंसात्मक बन्ने अवस्था आयो भने एकदमै कडा भएर प्रस्तुत हुनेतर्फ तयारी छौं ।' जसका लागि चारवटै सुरक्षा निकाय तयारी अवस्थामा रहेको समेत उनले बताए ।

**प्रसाईंमाथि निगरानी !**

सुरक्षा निकायले प्रसाईंका गतिविधिमाथि थप निगरानी बढाएको छ । विशेषगरी उनका गतिविधि, अभिव्यक्तिमाथि सुरक्षा निकायले निगरानी बढाएको हो । 'प्रसाईंले सञ्जालमार्फत विभिन्न व्यक्तिमाथि लगाएका आरोप, विभिन्न सञ्चारकर्मी भेला पारेर दिइरहेका अभिव्यक्ति लगायतमा सुक्ष्म निगरानी राखिएको छ,' स्रोत भन्छ ।

आन्दोलन एक दुई दिन पनि लम्बिन नदिनेगरी सुरक्षा रणनीति तय गरिएको छ । 'ठूलो मात्रामा जनशक्ति तयारी अवस्थामा छ,' उच्च स्रोतले भन्यो, 'आन्दोलन एक दुई दिन पनि बढी लम्बिन दिने सोचेका छैनौं ।'


**संवादमा आउन गृहको अनुरोध**

यसैबीच सरकारले आन्दोलन घोषणा गरेका सबै पक्षलाई वार्तामा आउन अपिल गरेको छ । सुरक्षा निकायको बैठकलगत्तै गृहमन्त्री अर्यालले पनि सो आग्रह गरेका थिए ।

# डेडिकेटेड लाइनको बक्यौता नतिरेकोले शिवम् सिमेन्टको लाइन काटियो

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१६ हटियामा रहेको शिवम् सिमेन्ट उद्योगको विद्युत लाइन काटिएको छ ।




नेपाल विद्युत् प्राधिकरणले विगतमा लोडसेडिङको समयमा डेडिकेटेड तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गरेर प्रिमियम महसुल नतिरेको कारण सिवम सिमेन्ट उद्योगको लाइन काटेको हो । शिवम् सिमेन्ट उद्योगले ७७ करोड ८८ लाख रुपैयाँ महसुल बुझाउन बाँकी रहेकाले लाइन काटिएको नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रका प्रमुख शिबराज यादवले बताए । प्राधिकरणले पहिलोचरणमा जगदम्बा स्टील, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट इन्डष्ट्रिज र त्रिवेणी स्पिनिङ मिल्सको विद्युत् लाइन काटेको हो ।

जगदम्बाको १ अर्ब ६० करोड, रिलायन्सको ७५ करोड ३७ लाख, घोराहीको ५० करोड ८५ लाख, अर्घाखाँचीको ४४ करोड ८४ लाख र त्रिवेणीको ३२ करोड १० लाख रुपैयाँ रहेको छ । यो बक्यौता २०७२ माघदेखि २०७५ वैशाख सम्ममा डेडिकेटेड तथा ट्रक लाइन प्रयोग बापतको थप महसुल हो । प्राधिकरणले शुक्रबार रातिदेखि थप १८ वटा उद्योगको पनि विजुली काटेको छ । प्राधिकरणका प्रवक्ता राजन ढकालका अनुसार पञ्चकन्या स्टिल, श्याम प्लास्टिक, गोयन्का फुड्स, कसमस सिमेन्ट, एसआर स्टिल, पञ्चकन्या प्लास्टिक, भलवारी स्वचालित कारखाना, जगदम्बा सेन्थेटिक, एभरेष्ट रोलिङ इन्डष्ट्रिज, घराना फुड्स, विशाल सिमेन्ट, बुटवल सिमेन्ट, निगाले सिमेन्ट, एसआर फुड्स, सिद्धार्थ पेलेट प्लान्ट, हिमाल आइरन, त्रिवेणी सिन्थेटिक यार्न र सोना मिनरल्स एन्ड आयल्सको विजुली काटिएको हो ।

डेडिकेटेड तथा ट्रंक लाइन विवाद कायमै रहेका बेला नेपाल विद्युत प्राधिकरणले त्यसबापतको बक्यौता भुक्तानी गर्न अन्तिमपटकका लागि भन्दै २१ दिनको अल्टिमेटम दिएको थियो । अल्टिमेटम सकिएसँगै प्राधिकरणले उद्योगको लाइन काट्न सुरु गरेको हो । यसअघि डेडिकेटेड र ट्रंक लाइन बक्यौता विवादमा लामो समयसम्म सरकारसँग टकराव भएपछि अघिल्लो सरकारले नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको थियो । पुनः सोही पदमा पुनर्बहालीको माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता गराए पनि अन्तरिम आदेश पाएनन् ।

यहीबीचमा गत भदौ २३ र २४ गते भएको जेनजी विद्रोहपछि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्दा कुलमान ऊर्जा, जलस्रोत तथा सिँचाइसहित शहरी विकास र भौतिक पूर्वाधार तथा यातायात मन्त्री बन्न पुगे ।

त्यसलगत्तै उनले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई सरुवा गर्दै न्यायिक प्रक्रियामा प्रवेश गरेको डेडिकेटेड तथा ट्रंक लाइन विवादका पछिल्ला निर्णयहरु खारेज गरी आफू कार्यकारी निर्देशक हुँदाकै अवस्थामा फर्काएका थिए । २०८१ चैत्र २९ गते प्राधिकरणको सञ्चालक समिति बैठकले बक्यौता विवाद रहेका उद्योगहरुले बक्यौता रकमको ५ प्रतिशत धरौटी बुझाएपछि प्रशासनिक पुनरावलोकनमा जाने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार जेठ मसान्तभित्र प्रशासनिक पुनरावलोनका लागि निवेदन दिन २०८२ वैशाख २६ गते प्राधिकरणले सूचना जारी गरेको थियो । यो सूचनाअनुसार बक्यौता विवाद रहेको सबै उद्योगी प्रशासनिक पुनरावलोकनमा गएका छन् । तर, प्राधिकरणले यसमा कुनै पनि निर्णय गरेको थिएन । असोज १० गते बसेको प्राधिकरणको सञ्चालक समितिको बैठकले यसअघिका ५ प्रतिशत धरौटी बुझाएर प्रशासनिक पुनरावलोकनमा जान पाउने सञ्चालक समितिको निर्णय खारेज गऱ्यो भने प्रशासनिक पुनरावलोकनका सबै प्रक्रिया पनि रद्द गऱ्यो ।

**बक्यौता नतिर्ने उद्योगीहरूको अडान**

उद्योगीहरुले प्रधानमन्त्री सुशीला कार्कीलाई समेत ज्ञापनपत्र बुझाई प्रमाणविना बक्यौता नतिर्ने अडान राखेका थिए ।

डेडिकेटेड तथा ट्रंक लाइन बक्यौता तिर्न नेपाल विद्युत् प्राधिकरणले दिएको 'अल्टिमेटम' सकिनै लाग्दा उद्योगीले प्रमाणविना भुक्तानी नगर्ने भन्दै प्रधानमन्त्री कार्कीलाई पत्र लेखेका हुन् । उनीहरुले रीतपूर्वक दिएको निवेदन कानुनीरुपमा विचाराधीन रहँदाको अवस्थामा प्रक्रिया नै रद्द गरेर पत्राचार गर्ने अधिकार कुनै पनि निकाय वा व्यक्तिलाई नभएको तर्क गरेका छन् । उनीहरुले बक्यौता तिर्नुपर्ने अवस्था प्रमाणित भए रकम तिर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । 'हामीलाई उद्योग सञ्चालनका लागि विद्युत् प्रदान गरिएको तथ्यको प्रमाण दिएर ४, ६, ८, १०, २०, ४० अर्ब जेजति रकमको दायित्व कायम हुन आउँछ, सो पूर्ण रकम हामी तिर्न तयार छौं,' उद्योगीले प्रधानमन्त्री कार्कीलाई लेखेको पत्रमा छ ।

यसरी प्रधानमन्त्रीलाई पत्र लेख्ने उद्योगमा जगदम्बा स्टिल, जगदम्बा सेन्थेटिक, निगाले सिमेन्ट, सोनापुर मिनरल्स एन्ड आयल्स, त्रिवेणी स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अशोक स्टिल, मारुती सिमेन्ट, अर्घाखाँची सिमेन्ट, हुलास स्टिल, शिवम् सिमेन्ट, हामा आइरन, कसमस सिमेन्ट, घराना फुड्स, गोयन्का फुड्स, एभरेस्ट रोलिङ, एसआर फुड्स, एसआर स्टिल, सिद्धार्थ पेलेट, श्याम प्लास्टिक, पञ्चकन्या स्टिल, पञ्चकन्या प्लास्टिक र भलबारी चामल उद्योग छन् । यीमध्ये अधिकांश उद्योगले प्राधिकरणको वितरण केन्द्रमा पत्र दर्ता गर्दै बक्यौता नतिर्ने अडान दोहोऱ्याएका हुन् ।

# जिल्लास्तरीय भलिबलको उपाधि तमु बहुउद्देश्यीयलाई



साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठान थाहा-२ को आयोजनामा संचालित आठौं संस्करणको मकवानपुर जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि तमु बहुउद्देश्यीय थाहा-५ ले जितेको छ ।

थाहा नगरपालिका-२ स्थित खेलमैदानमा भएको प्रतियोगिताको फाईनलमा तमु बहुउद्देश्यीयले आयोजक बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठान थाहा-२ लाई २५-२३, २५-२० २५-२३ को सोझो सेटमा पराजित गरी उपाधि जितेको हो । उपाधिसँगै तमु बहुउद्देश्यीयले नगद ५५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै उपबिजेता बिनयबाबु स्मृति प्रतिष्ठानले नगद २८ हजार ८ सय ८८ रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । तृतीय भएको मङ्लेश्वर युवा क्लवले नगद ११ हजार १ सय ११ रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

तृतीय भएको मङ्लेश्वर युवा क्लव पछिल्लो दुई संस्करणको बिजेता हो । कात्तिक २ गतेदेखि सुरु भएको प्रतियोगितामा १२ टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा उत्कृष्ट खेलाडी तमु बहुउद्देश्यीयका पुजन गुरुङ, उत्कृष्ट ब्लकर तमुका बिबेक माझी, उत्कृष्ट डिफेन्डर तमुका पुकार गुरुङ, उत्कृष्ट स्पाइकर बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका सुजल कार्की, बेष्ट सर्भर तमुका निश्चल रानामगर र उत्कृष्ट सेटर बिनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका प्रजिब बलामी र उत्कृष्ट नवप्रतिभा खेलाडी उन्युचौरका आशिष थिङ भएका थिए । उत्कृष्ट खेलाडीलाई नगदसहित मेडल र ट्रफी प्रदान गरिएको थियो । बिजेता खेलाडी तथा बिधागत उत्कृष्ट खेलाडीलाई थाहा नगरप्रमुख बिष्णु बिष्टले पुरस्कार प्रदान गरेका थिए ।

प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको अध्यक्षता एवम् थाहा नगरपालिकाका नगरप्रमुख बिष्टको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा थाहा नगरपालिका-२ का वडाअध्यक्ष बमबहादुर सिङतान, थाहानगर खेलकुद विकास समितिका संयोजक टीकाराम स्याङ्तान, नगर खेलकुद विकास समितिका पूर्वसंयोजक राजेश केसी, विनयबाबु बस्नेतका बुबा बिष्णुबहादुर बस्नेत लगायतको आतिथ्यता रहेको थियो । सशस्त्र प्रहरीमा कार्यरत भलिबल खेलमा सक्रिय बिनयबाबु बस्नेत सडक दुर्घटनामा परी २०७२ सालमा निधन भएपछि उनको स्मृतिमा २०७४ सालबाट रनिङ शिल्ड भलिबल प्रतियोगिता शुरु गरिएको प्रतिष्ठानका सचिव विकेसबाबु बस्नेतले बताए ।

# करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । ३१ असोजमा हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट जुवातास खेलिरहेको अवस्थामा प्रहरीले हेटौंडा-१० बस्ने ३७ वर्षीय अर्जुन तामाङ भन्ने विजय तामाङलाई पक्राउ गरेको हो ।




२०७४ साउन ११ गते जिल्ला अदालत सिन्धुपाल्चोकबाट जबरजस्ती करणी मुद्दामा १० वर्ष कैदको फैसला भई फरार रहेका तामाङलाई पक्राउ गरेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । त्यस्तै प्रहरीले मकवानपुर बागमती गाउँपालिका-५ ज्यामिरे बस्ने २७ वर्षीय राजेश दर्नाल भन्ने हेमन्त परियार जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट २०८१ साउन १६ गते र २०८१ पुस १९ गते दुईवटा मुद्दा तथा जिल्ला प्रहरी परिसर ललितपुरबाट २०८१ मङ्सिर ३० गते र प्रहरी वृत्त महाराजगन्ज काठमाडौंबाट २०८१ पुस १४ गते चोरी तथा डाँका कसुर मुद्दामा ५ पटक मुद्दा चलेको अनुसन्धानबाट खुल्न आएको प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक बोगटीले बताए ।

जुवातास खेलिरहेको अवस्थामा उनीहरुको साथबाट प्रहरीले ११ बुक तास, नगद ६ लाख ६ हजार ३१० सहित ११ जनालाई पक्राउ गरी जुवा सम्बन्धी कसुर मुद्दामा अनुसन्धान गर्ने क्रममा सिआरएस चेकजाँच गर्दा तामाङ र परियार अपराध गरेर फरार रहेको पाइएको प्रहरीले जनाएको छ ।

# शकुन्तला ढुंगेल स्मृति नियात्रा सम्मान रामप्रसाद अधिकारीलाई

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ महाकवि लक्ष्मीप्रसाद देवकोटाको एकसय सत्रौं जन्मतिथिका अवसरमा रौतहटको चन्द्रपुरमा महाकवि देवकोटा जयन्ती भव्यतासाथ सम्पन्न भएको छ ।



शिवसावित्री प्रतिष्ठान नेपाल तथा बुद्धयौली साहित्य समाज रौतहट-सर्लाहीको संयुक्त आयोजनामा भएको कार्यक्रममा नियात्रा विधाप्रति समर्पित बाराका नियात्राकार रामप्रसाद अधिकारीलाई 'शकुन्तला ढुंगेल स्मृति नियात्रा सम्मान-२०८२' समर्पण गरिएको छ । अधिकारीका 'मेची-काली' तथा 'उड्दै गुड्दै घस्रिँदै' नामका दुई नियात्रा कृति प्रकाशित छन् । यसैगरी सोही कार्यक्रममा मधेश प्रदेशका बुद्धयौली साहित्य समाजमध्ये सबैभन्दा सक्रिय भएबापत महोत्तरीको कार्यसमितिलाई 'सक्रिय बुसास सम्मान' प्रदान गरिएको थियो ।

कार्यक्रममा रचनावाचन समेत गरिएको थियो । यसक्रममा लक्ष्मण आचार्य, घनश्याम पन्त, रामचन्द्र कुशवाहा, नारदप्रसाद काफ्ले, प्रेमकुमार घिमिरे, जीवन आचार्य, मोहम्मद, कमरुद्दिन नदाक, केदारप्रसाद सिग्देल, जनक दुलाल, प्रदीप धनञ्जय, सन्तोष दाहाल, राम आधार पासवान, नित्यानन्द कँडेल, जितु जिएम, श्याम चौलागाईं, दीपक श्रेष्ठ, पृथ्वीनारायण महतो, राजन साहबनियाँ तथा आयुष्मा अधिकारीले रचनावाचन गरेका थिए । सम्मानित स्रष्टा रामप्रसाद अधिकारीले तथा उनका बारेमा शिवसावित्री प्रतिष्ठान नेपालका कार्यवाहक अध्यक्ष रमेशमोहन अधिकारीले मन्तव्य राखेका थिए ।

यसैगरी सञ्जय साह मित्र, शिवचन्द्र शाह, कृष्णप्रसाद दाहाल, हिमज्योति सुयाँल लगायतले साहित्यका बारेमा धारणा व्यक्त गरेका थिए । कार्यकक्षमा लीलाराज दाहाल, शंकर भट्टराई, गीता सत्याल, अभिजित राम, ममता यादवजस्ता साहित्यकार तथा साहित्यानुरागीको उपस्थिति रहेको थियो । पचास जनाको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन बुसास रौतहटका कोषाध्यक्ष रामप्रसाद आचार्यले र स्वागत सचिव किसुनदयाल यादवले गरेका थिए । सभाध्यक्षता लम्बोदर काफ्लेले तथा प्रमुख आतिथ्य संस्कृतिविद् एवम् अनुसन्धाता पार्थमणि भट्टराईले गरेका थिए । कार्यक्रम जनएकता सामुदयिक वन चन्द्रपुर-४ को सभाकक्षमा भएको थियो ।

# मनहरीमा ट्रकको ठक्करबाट महिलाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ मकवानपुरको मनहरी गाउँपालिका-७ निर्मलबस्ती नजिक सवारी दुर्घटनामा एक बृद्धा महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ८४ वर्षीया इन्द्रकुमारी स्याङतान रहेको मकवानपुर प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, बिहीबार दिउँसो करिब ४ बजेतिर पूर्वपश्चिम राजमार्गअन्तर्गत निर्मलबस्तीक्षेत्रमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ८ ख १२५६ नम्बरको ट्रकले स्याङतानलाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएकी स्याङतानलाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको थियो । तर, उपचारको क्रममा साँझ ५ बजेतिर डाक्टरले उनलाई मृतघोषणा गरेका हुन् ।

दुर्घटनामा संलग्न ट्रक र चालक धनुषाको मिथिला नगर पालिका-६ बस्ने २५ वर्षीय संजीत कुमार महतोलाई प्रहरीले नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# तिहारको समयमा ३१ सवारी साधन नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाको विभिन्न क्षेत्रबाट सवारी नियम उल्लंघन गरी चलाइएका ३१ वटा दुईपांग्रे सवारी साधन मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

मादकपदार्थ सेवन गरी चलाएका र स्वरुप परीवर्तन गरी सञ्चालन गरिएका दुईपांग्रे सवारी साधन नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

चाडपर्व लक्षित सुरक्षा योजनाअनुरुप जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले मादकपदार्थ सेवन गरी चलाइएका २४ वटा मोटरसाइएकल नियन्त्रणमा लिइएको हो ।

यस्तै स्वरुप परीवर्तन गरी ध्वनी प्रदूषण गर्ने सातथान मोटर साइक्ल नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीटोलीले मोटर साइकलको पार्टपुर्जाहरु फेरि स्वरुप परिवर्तन गर्ने, कम्पनीको साइलेन्सर परिवर्तन गरी ठुलो आवाजमा पड्किने बनाउने, रातको समयमा चर्को ध्वनी प्रदुषण गर्ने, समाजमा शान्ति सुव्यवस्था खलल पार्दै आतंक सृजना गर्ने जस्ता गतिविधिमा संलग्न मोटरसाइकल नियन्त्रणमा लिई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाएको जनाइएको छ ।

# कवि भुपिन र बिन्दु हेटौंडामा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ साहित्य संगम मक्वानपुरको ३६० औं नियमित साहित्य सन्ध्या विशेष समारोहका रुपमा शनिबार सम्पन्न भएको छ ।



कार्यक्रममा डम्बर-पूर्ण माया स्मृति सम्मान समर्पणका साथै नियात्राकार राजाराम बर्तौलाको 'काठमाण्डु प्याराडाइज' नियात्रा संग्रहको गृहविमोचन तथा परिचर्चा गरिएको थियो । कार्यक्रममा 'डम्बर-पूर्णमाया स्मृति कविता सम्मान' -२०८० बाट बाग्लुङका कवि भूपिन ब्याकुल र २०८१ बाट काठमाडौंकी कवि/समालोचक डा. बिन्दु शर्मालाई प्रदान गरिएको हो । उनीहरुलाई सम्मानपत्रसहित नगद २२ हजार दुई सय २२ रुपैयाँ प्रदान गरिएको थियो । सम्मानित कविहरुले आफ्ना अनुभव र सृजनात्मक यात्राका प्रसंग प्रस्तुत गर्दै साहित्यले समाजमा चेतना र संवेदना अभिव्यक्त गर्ने माध्यमको रुपमा निरन्तर विकसित हुनुपर्ने विचार व्यक्त गरे ।

त्यसैगरी कार्यक्रममा हेटौंडा निवासी नियात्राकार राजाराम बर्तौलाको 'काठमाण्डु प्याराडाइज' नियात्रा संग्रहको गृहविमोचन गरिएको थियो । प्राध्यापक राजबाबु पहाडीले नियात्रा संग्रहको समालोचनात्मक टिप्पणी गरेका थिए । कार्यक्रममा डम्बर-पूर्णमाया कविता सम्मानका संस्थापक कवि जेनन नेपालले विशेष कविता वाचन गरेका थिए । साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौलाको सभाध्यक्षता र वरिष्ठ साहित्यकार डा. निमेश निखिलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विभिन्न साहित्यकार, कवि, सर्जक र साहित्यप्रेमीहरुको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा बालसाहित्यकार अनुसुया खनालले रचनावाचन गरेकी थिइन् ।

# भीमफेदी कारागारबाट भागेका कैदीको गैंडाकोटमा हत्या

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिकाबीच मकवानपुरको भीमफेदी कारागारबाट भागेका एक कैदीको पूर्वी नवलपरासीको गैंडाकोटमा हत्या भएको छ ।

नवलपरासीका एसपी युवराज खड्काले दिएको जानकारी अनुसार ७/८ जनाको समूहले २८ वर्षीय नारायण कुमालको शुक्रबार हत्या गरेको हो । मृतक चितवनको कालिका नगरपालिका-४ पदमपुर निवासी हुन् । हत्यामा संलग्न आरोपमा ५ जनालाई पक्राउ गरेर अनुसन्धान भइरहेको एसपी खड्काले जानकारी दिए ।

भदौ २४ गते भीमफेदी कारागारबाट अन्य कैदीसँगै कुमाल पनि भागेका थिए । बलात्कार कसुरमा उनलाई अदालतले १० वर्ष कैद र ३५ हजार जरिवाना हुने फैसला गरेको थियो । २०७४ साउन ३ मा उनलाई प्रहरीले पक्राउ गरेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना